GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland

# विकासको मार्गमा समावेसी पाइलाहरु ....

## सबल समुदायको लागि सशक्तिकरण








ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना, तेस्रो चरण

RVWRMP

FCG



## खानेपानी र सरसफाइमा पहुँच दुर्गममा बस्ने समुदायको पनि अधिकार हो

ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनाको बहुक्षेत्रगत कार्यले परियोजनाका सबै क्रियाकलापहरुमा मानव अधिकारमा आधारित अवधारणालाई जोड दिन्छ। हामी जातीय समुदाय, लिङ्ग वा गरिबीको स्तर जेसुकै भएता पनि परियोजना कार्यक्षेत्रका सबै समुदाय खानेपानी, सरससफाइ, स्वच्छता तथा जीविकोपार्जनका अवसरहरुको बारेमा जानकार रहेका र सो हासिल गर्नको लागि आवश्यक पर्ने उपायहरुमा पहुँच भएको सुनिश्चित गर्दछौं ।

सुरक्षित खानेपानी प्राप्त गर्नु र स्वच्छ वातावरणमा रहन पाउनु सबै जनताको अधिकार हो। हाम्रो सहयोगमा निर्माण हुने खानेपानी तथा सरसफाइका योजनाहरुले बालबालिका, फरक क्षमता भएका व्यक्तिहरु एवम् आर्थिक, धार्मिक तथा जातीय पृष्ठभूमीको लाभ हासिल गर्न नसकेका समाजका सबै वर्गले सुविधा प्राप्त गरेको सुनिश्चित गर्दछौं। मानव अधिकार परियोजनाको मुटु हो, जसमा निम्न प्रावधानहरु अवलम्बन गरिन्छ।



- लैङ्गिक हिसाबले संवेदनशील, समावेसी तथा सहभागितात्मक जल तथा जीविकोपार्जन गुरुयोजना,
- लगानीका निर्णयहरुमा विभेदरहित आधारहरु एवम् भेला, बैठक तथा परियोजनाका प्रतिनिधिमूलक समितिहरुमा महिला, पिछडिएको बर्गको आनुपातिक सहभागिता अनिवार्य,
- परियोजनाका सबै पक्षहरुमा प्रजातान्त्रिक तथा उत्तरदायी संयन्त्र तथा पद्धति,
- समुदायले अगुवाई गरेको खानेपानी तथा जीविकोपार्जन योजना कार्यान्वयन सहजताको लागि चरणबद्ध कार्यविधि,
- समुदायको अगुवाईमा खरिद व्यवस्थापन तथा उपभोक्ता समिति मार्फत कोष प्रवाह।

## लैङ्गिक समानता तथा सामाजिक समावेसीकरण — परियोजनाको मूल क्षमता

हामी हरेक व्यक्तिको लागि समान अवसर र विकल्प छनौटमा विश्वास गर्दछौं। त्यसैले परियोजनाले विभिन्न क्रियाकलापहरुको माध्यमबाट महिला र पिछडिएको वर्ग लाभान्वित हुनसक्ने गरी उनीहरुको समावेसीकरण र सशक्तिकरणलाई सम्बोधन गर्दछ।



हामी परियोजनाको कोष सञ्चालनमा समुदाय प्रति उत्तरदायी रहने गाउँपालिका/नगरपालिका मार्फत तथा सँगसँगै कार्यक्रमहरु सञ्चालन गर्दछौं । हामी स्थानीय सरकारलाई दुर्गम तथा सेवाविहीन गाउँहरुमा खानेपानी, सरसफाइ तथा स्वच्छता विस्तार गर्ने कार्यमा सहयोग गर्दछौं । जसमा खानेपानी तथा सरसफाइ क्षेत्रसँग सम्बन्धित नीति निर्माण, सहभागितात्मक योजना तर्जुमा तथा प्रतिवेदन पद्धति समेत समावेस गरिएको हुन्छ । सार्वजनिक परिक्षण तथा आमभेलाहरु को माध्यमबाट स्थानीय तहहरुमा हुने विकासमा पारदर्शिता तथा उत्तरदायित्वको माध्यमबाट सुशासनको संस्कृतिलाई सबल बनाउन सहयोग गर्दछौं ।



समानता र समावेसीकरणलाई सहयोग गर्नको लागि खानेपानी प्रणाली कार्यान्वयनको चरणवद्ध कार्यपद्धतिमा लैङ्गिक समानताका सिद्धान्तहरुलाई समावेस गरिएको छ, जस्तैः महिला तथा दलित लक्षित आत्मविश्वास अभिवृद्धि तालिम, फरक क्षमता भएका व्यक्तिहरुको लागि उपयुक्त हुने चर्पीको डिजाइन आदि। साना बच्चाहरु भएका महिलाहरु तालिममा सहभागि हुन आउँदा हेरालुको व्यवस्था समेत गरिएको छ।

## स्थानीय विकासको लागि महिला नेतृत्व

सामान्यतः परियोजना कार्यक्षेत्रमा महिलाहरु घरेलु काम तथा खेतीपातीको व्यवस्थापन गर्दै परिवार तथा सामुदायिक काम को नेतृत्व गर्दछन् भने पुरुषहरु अर्थोपार्जनको लागि भारत जाने गर्दछन् । महिलाहरु प्रायः गाउँपालिकाहरुको उपाध्यक्षको भूमिकामा रहेका छन् । परियोजनाले सदैव महिला तथा पिछडिएको वर्गलाई नेतृत्वदायी पदमा रही जिम्मेवारी बहन गर्न उत्प्रेरित गर्ने खालका कार्यहरु सञ्चालन गरिरहेको छ । जसमा आत्मविश्वास अभिबृद्धि, क्षमता विकास, सिकाई आदान-प्रदान तथा सामाजिक प्रचलनहरुलाई सम्बोधन गर्ने कार्यहरु पर्दछन् ।

परियोजनाले “निर्णयमा महिला” कार्यशाला सञ्चालन गर्दै आएको छ । समाजमा विद्यमान रहेका खास खास लैङ्गिक भूमिकाहरुको पहिचान गरिन्छ र यसलाई समुदायमा महिलाहरुको सशक्तिकरण तथा विकासको प्रवेश बिन्दूको रुपमा समेत लिइन्छ । समग्र समुदायको दिगो विकासको लागि सबै निर्णय प्रकृयाहरुमा महिलाहरुलाई समावेश गर्नु अनिवार्य रहेको कुरा गाउँपालिकाहरुले महशुस गरेका छन् । कार्यशालाले गाउँपालिका तथा अन्य निकायहरुले लैङ्गिक सवालहरुलाई सम्बोधन गर्नको लागि लैङ्गिक उत्तरदायी योजना तर्जुमा गर्दछ र सम्भव भएसम्म परियोजनाले समेत कार्यान्वयनमा सहयोग गर्दछ । लैङ्गिक उत्तरदायी योजनाको वार्षिक समिक्षा हुने गर्दछ । आर्थिक वर्ष २०७७/७८ देखि अपाङ्गताका सवालहरुलाई पनि समावेस गरी लैङ्गिक तथा अपाङ्गता उत्तरदायी योजना तर्जुमा गरिएको छ ।

- *स्थानीय स्तरमा लैङ्गिक उत्तरदायी योजना तर्जुमाको लागि पहिलो पटक सञ्चालन गरिएको “निर्णयमा महिला” कार्यशालामा सहभागिताको माध्यमबाट ग्रामीण महिलाहरु आफु सम्मानित भएको महसुस गरेका छन् ।*
- *परियोजनासँग काम गर्दै जाँदा महिलाहरु आफ्ना कुरा निर्धक्कसँग राख्न सक्ने भएका छन् ।*
- *लैङ्गिक उत्तरदायी योजनाको कार्यान्वयनबाट महिलाहरुका सवालहरु क्रमिक रुपमा सम्बोधन भैरहेका छन् ।*

## जीविकोपार्जन सुधारमा महिलाको सफलता

प्रायः महिलाहरुले नै घरबारी व्यवस्थापनको कामहरु गर्ने गर्दछन् । महिलाहरु नै खानामा विभिन्न प्रकारका तरकारी समावेस गर्न र बढि भएको उत्पादन बिक्रि गरी फाइदा लिन उत्साहित हुन्छन् । परियोजनाले घरबारी व्यवस्थापन तालिम दिएका मध्ये आधा भन्दा बढि महिला सहभागि रहेका छन् ।



महिलाहरुले नेतृत्व गरेको र / वा महिलाहरु मात्रको सहकारी पुरुषले नेतृत्व गरेको सहकारी भन्दा सफल र दिगो रहेको प्रमाणित भैसकेको छ । तालिमको समय निर्धारण गर्दा महिलाहरुको लागि उपयुक्त समयमा तालिम सञ्चालन गर्न विषेश ध्यान दिइन्छ । तालिममा सहभागि हुने बच्चा भएका महिलाहरुको लागि हेरालुको समेत व्यवस्था गरिएको हुन्छ । घरखर्चबाट बचत गरी अधिकांश महिलाहरुले सहकारीमा वचत गर्ने गरेको पाइएको छ । बचत गरेको पैसा उनिहरुकै लागि हो र समुदायको सहकारीमा रहीरहन्छ भन्ने कुरा महिलाहरुलाई राम्रोसँग थाहा छ ।

| चरण | योजना चक्रमा लैङ्गिक तथा सामाजिक समावेसीकरण एकिकृत गर्ने परियोजनाका उपायहरु |
|---|---|
| योजना तर्जुमा चरण | • परियोजनाले काम गर्ने गाउँपालिका छनौट गर्दा दुर्गमता, हालसम्म सुविधा नपुगेको क्षेत्र, पिछडिएको वर्गको अनुपात बढी भएको आधारमा खानेपानीको हिसावले कठिनतम क्षेत्र छनौट गर्दछ ।<br>• आधारभूत तथ्याङ्कमा लिङ्ग, जातीय समुदाय र फरक क्षमता भएका व्यक्तिहरुको विच्छेदित तथ्याङ्क समावेस गरिन्छ ।<br>• सहयोगी संस्था छनौट गर्दा कार्यसमितिमा महिला भएका संस्थालाई अतिरिक्त अङ्क दिइन्छ र कर्मचारीको मूल्याङ्कन गर्दा महिला, पिछडिएको जातीय समुदाय तथा स्थानीय आवेदकले अतिरिक्त अङ्क प्राप्त गर्दछन् ।<br>• जलउपयोग गुरुयोजनाको योजना तर्जुमा कार्य आरम्भ हुनुभन्दा अगावै महिला र दलितहरुको लागि आत्मविश्वास अभिवृद्धि तालिम प्रदान गरिन्छ ।<br>• सामाजिक लेखाजोखा तथा आवश्यकता पहिचान गर्ने लगायतका आमभेलाहरुमा हरेक घरबाट एक महिला एक पुरुष, कुल घरधुरीको कम्तिमा ७५% सहभागिता जसमा महिलाको सहभागिता कम्तिमा ५०% र समानुपातिक रुपमा सबै जातीय समुदायको प्रतिनिधित्व गराइन्छ ।<br>• आवश्यकता पहिचान गर्ने, स्रोत नक्शा तयार गर्ने तथा परियोजनासँग सम्बन्धित अन्य प्रमुख विषयहरुमा निर्णय गर्न महिला र पुरुषको अलग अलग भेला राखी छलफल गराइन्छ ।<br>• लैङ्गिक उत्तरदायी योजना तथा बजेट तर्जुमाको लागि निर्वाचित जनप्रतिनिधिहरु र गाउँपालिकाका कर्मचारीहरुलाई निर्णयमा महिला कार्यशाला सञ्चालन गर्न सहयोग उपलब्ध गराइन्छ । |
| तयारी चरण | • परियोजनाको लक्ष उपभोक्ता समिति, सहकारी बोर्ड, जीविकोपार्जन सम्बन्धी तालिमहरु तथा अन्य सबै क्रियाकलापहरुमा महिलाहरुको ५०% तथा सबै जातीय समुदायको समानुपातिका प्रतिनिधित्व कायम गराउनु रहेको छ । यसका अतिरिक्त समितिहरुका प्रमुख पद (अध्यक्ष, उपाध्यक्ष, सचिव, सह-सचिव र कोषाध्यक्ष) मध्ये कम्तिमा ५०% महिला तथा समानुपातिक रुपमा पिछडिएको जातीय समुदायको प्रतिनिधित्व हुनुपर्दछ ।<br>• उपभोक्ता समिति गठन गर्दा आफ्ना प्रतिनिधिहरु छनौट गर्न महिला र पुरुषको अलग अलग भेला बस्दछ । आनीबानी परिवर्तन गर्न, सहमति निर्माण गर्न र सरसफाइ तथा स्वच्छता सम्बन्धी कुरीतिहरुलाई हटाउने अभियानमा टोल वा वडास्तरमा कार्यक्रम महिला वा आमा समूहको अगुवाईमा आरम्भ गरिन्छ ।<br>• विद्यालयमा सरसफाइ तथा स्वच्छता सुविधाहरु निर्माण गर्नको लागि छात्रा तथा शिक्षिकाहरुसँग छलफल गरी उनिहरुको आवश्यकता अनुसार संरचना डिजाइन गरिन्छ ।<br>• सार्वजनिक धाराको स्थान निर्धारण गर्दा हरेक घरबाट एक एक जना महिलाको प्रतिनिधित्व गराई महिलाहरु मार्फत धाराको स्थान निर्धारण गरिन्छ ।<br>• उपभोक्ता समिति तथा उपभोक्ताहरुको भेला बैठक आयोजना गर्दा उपयुक्त स्थान, समय र सबै सहभागिहरुलाई अग्रीम सूचना उपलव्ध गराइन्छ ।<br>• तालिम, बैठक र आमभेलाहरुमा सम्भव भएसम्म स्थानीय बोलिचालीको भाषा प्रयोग गरिन्छ । |

| चरण | योजना चक्रमा लैङ्गिक तथा सामाजिक समावेसीकरण एकिकृत गर्ने परियोजनाका उपायहरु |
|---|---|
| कार्यान्वयन चरण | • योजना निर्माणको क्रममा ज्याला पाउने काममा तथा जीविकोपार्जन प्रवर्द्धन र आयआर्जनका क्रियाकलापहरुमा महिला, विपन्न तथा पिछडिएको वर्गलाई प्राथमिकता दिइन्छ।<br>• परियोजनाले बालमैत्री, लैङ्गिक मैत्री र फरक क्षमता भएका व्यक्तिहरु मैत्री विद्यालय तथा सार्वजनिक शौचालय बनाउन सहयोग गर्नुका साथै विद्यालयमा महिनावारी स्वच्छता मैत्री शौचालय र बाल मैत्री धारा प्रवर्द्धन गर्दछ।<br>• उपभोक्ता समितिहरुले एकल महिला/पुरुष, विपन्न बृद्धबृद्धामात्र भएका घरधुरीहरुको लागि उनिहरुले गर्नुपर्ने योगदान कम गर्न निर्णय गर्न सक्दछ।<br>• सीप विकास तालिमका अवसरहरुमा महिला तथा पिछडिएको वर्गका सहभागिहरुलाई विशेष प्राथमीकता दिइन्छ।<br>• खानेपानी योजनाहरुमा महिला र पुरुष दुवै मर्मत सम्भार कार्यकर्ताहरु छनौट तथा प्रशिक्षित गरिन्छ।<br>• महिनावारी स्वच्छता व्यवस्थान तथा महिनावारी बार्ने कुप्रथाहरुको विरुद्धता जनचेतना अभिवृद्धि गर्ने कार्यक्रमहरु तथा तालिम उपलव्ध गराइन्छ।<br>• जलस्रोत तथा मर्यादित महिनावारी व्यवस्थापन लगायतका रणनीतिहरु बनाउन गाउँपालिकाहरुलाई सहयोग गरिन्छ। |
| निर्माण पश्चातको चरण | • योजनाको सार्वजनिक परिक्षण गर्दा कम्तिमा ५०% महिला तथा समानुपातिक रुपमा पिछडिएको जातीय समुदायको प्रतिनिधित्व अनिवार्य हुनुपर्दछ। कुल लाभान्वित घरधुरीको कम्तिमा ७५% घरधुरीबाट प्रतिनिधित्व हुनुपर्दछ।<br>• महिला धारा समूहलाई आधारभूत मर्मत सम्भार तथा सरसफाइ र स्वच्छता तालिम आयोजना गरिन्छ।<br>• उपभोक्ता समितिका महिला सदस्यहरुको क्षमता र आत्मविश्वास अभिवृद्धिको लागि गाउँपालिका स्तरमा कार्यशाला आयोजना गरिन्छ।<br>• निर्माण पश्चातका सबै तालिमहरुमा महिलाहरुको सहभागिता कम्तिमा ५०% हुनुपर्दछ।<br>• योजनाको अनुगमन टोलीमा कम्तिमा एकजना महिला हुनुपर्दछ।<br>• अध्ययन अबलोकन भ्रमणमा महिला तथा पिछडिएको वर्गलाई प्राथमिकता दिइन्छ।<br>• सीप विकास तालिमका अवसरहरुमा महिला तथा पिछडिएको वर्गका सहभागिहरुलाई विशेष प्राथमीकता दिइन्छ।<br>• हरेक खानेपानी योजनामा महिला मर्मत सम्भार कार्यकर्तालाई तालिम दिइन्छ। |





## सम्पर्क:


**परियोजना सहयोग इकाई :**

अमरगढी नगरपालिका –५, डडेल्धुरा,
सुदूरपश्चिम प्रदेश ,नेपाल
फोन + :९७७- ९६-४१०४१३/४१०४१४
फ्याक्स + :९७७- ९६- ४१०४१५
ईमेल: info@rvwrmp.org.np

www.rvwrmp.org.np

**सम्पर्क कार्यालय:**

मानभवन, जावलाखेल, ललितपुर , नेपाल
फोन + :९७७- १- ५५५०६२८/५ ५४३३०१
फ्याक्स + :९७७-१-५५२१४१७

**प्राविधिक सहयोग इकाईहरु:** अछाम, बैतडी, बझाङ्ग, बाजुरा, डडेल्धुरा, दैलेख, दार्चुला, डोटी, हुम्ला र कैलाली


RVWRMP


"यो सामग्री युरोपेली संघ र वैदेशिक मामिला मन्त्रालय, फिनल्याण्ड समेतको आर्थिक सहयोगमा उत्पादन गरिएको हो। यसमा व्यक्त गरिएका दृष्टिकोणहरुले युरोपेली संघ वा वैदेशिक मामिला मन्त्रालय, फिनल्याण्डको आधिकारिक धारणा प्रतिबिम्बित गर्दैन।"


FCG